Chief Administrative Officer

Bhimad Municipality
Office of the Municipal Executive, Tanahu
Province No 4, Nepal
2073

भिमाद नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भिमाद, तनहुँ ।
४ नं प्रदेश, नेपाल

मोटरसाईकल र स्कुटर खरिद कार्यको लागि शिलबन्दी बोलपत्र आव्हानको सूचना

**(दोस्रो पटक प्रकाशित मिति :- २०७५/०१/२९ गते)**

चालु आ.व ०७४/०७५ मा यस कार्यालयलाई **मोटरसाईकल (क)** १ थान **मोटरसाईकल (ख)** ५ थान र **स्कुटर** ५ थान खरिद कार्य शीलबन्दी बोलपत्र द्बारा गर्नु पर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजत (मान्यता) प्राप्त उत्पादक/फर्म/कम्पनी/अधिकृत विक्रेताबाट निम्न शर्तहरुको अधीनमा रही रीतपूर्वक शिलबन्दी बोलपत्र आव्हान गरिएको व्यहोरा इच्छुक सम्बन्धित सबै को लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

***तपशिल,***

१) बोलपत्र फाराम यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले ३० दिन भित्र चालु आ.व. का लागि नविकरण भएको इजाजतपत्र, आयकर दर्ता र मु.अ.कर दर्ता र आ.व. २०७३/०७४ सम्मको कर चुक्ताभएको प्रमाणपत्रका प्रमाणित प्रतिलिपि संलग्न राखी लिखित निवेदन साथ तल उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) तिरी इच्छुक बोलपत्रदाताले यस कार्यालयबाट खरिद गर्न सकिनेछ अथवा **NIC ASIA BANK LIMITED** भिमाद तनहुँको भिमाद नगरपालिका **संचित कोष खाता नं. A7CA500649524001** मा दाखिला गरी सक्कल बैंक भौचर बोलपत्र संग दाखिला गर्नु पर्ने छ ।

२) बोलपत्र फारमका महलहरु स्पष्ट भरी प्रत्येक पानामा सहीछाप गरी शिलबन्दी खाम बाहिर कार्यालयको नाम, कार्यको विवरण र बोलपत्रदाता फर्मको नाम, ठेगाना तथा छाप लगाई यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । दर्ता भएका बोलपत्रहरु सोही दिनको २:०० बजे उपस्थित बोलपत्रदाता वा निजका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३) बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन सोही समय अनुसार हुनेछ ।

४) बोलपत्र साथ जमानत वापतको रकम रु. **५५,०००|०० (रू पच्पन्न हजार) NIC ASIA BANK LIMITED भिमाद तनहुँ** स्थित **धरौटी खाता नं. A7CA500649524004** मा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको मान्यता प्राप्त वाणिज्य वैकं बाट यस कार्यालयको नाउँमा जारी गरिएको विडवण्ड (**Bid Bond**) (बोलपत्र पेश गरेको अन्तिम मितिबाट १२० दिन मान्य भएको) पेश गर्नु पर्नेछ।

५) म्याद नाघि आएको, रीत नपुगेको र शर्त राखिएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

६) बोलपत्रदाताबाट बोलपत्रमा उल्लेखित मूल्य अभिवृद्धि कर बाहेक रकम उल्लेख गर्नु पर्नेछ । सो दर रेटमा अंक र अंक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएकोमा केरमेट भएको ठाउँमा सहीछाप हुनु पर्नेछ ।

७) यस कार्यालयको हितलाई ध्यानमा राखीबोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ ।

८) बोलपत्र स्वीकृत भएपछि बोलपत्र कागजातमा भएको प्रावधान अनुसारले हुनआउने रकम बराबरको नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा कम्तिमा एक वर्ष म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाउँमा जारी गरिएको कार्य जमानतपत्र (परफरमेन्स वण्ड) सम्झौता गर्नु अघि पेश गर्नु पर्नेछ ।

९) बोलपत्र सम्बन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयको आर्थिक प्रशासन शाखा वा फोन नं. **०६५-५७२४३६** वा info@bhimadmun.gov.np मा सम्पर्क राख्न सकिनेछ ।

१०) यस सूचनामा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख नभएको हकमा बोलपत्र सम्बन्धी कागजात सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ र अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

११) बोलपत्र दाखिला गर्ने तथा खोल्ने समयमा सूचनाको हक सम्बन्धी ऐन २०६४ बमोजिम नागरिक समाज तथा संचारकर्मी समेतको उपस्थितिको लागि अनुरोध गरिएको छ ।

१२) शिलबन्दी बोलपत्रको कामको विवरण निम्न अनुसारको हुनु पर्नेछ ।

| ठेक्का नं. | कामको विवरण | धरौटी रकम (रु.) | बोलपत्र फारम दस्तुर (रु.) | लागत अनुमान मु.अ.कर बाहेक (रु.) |
|---|---|---|---|---|
| ५-२०७४/२०७५ | बोलपत्र कागजातमा संलग्न स्पेसिफिकेशन अनुसारका मोटरसाईकल(**क**) आपुर्ति कार्य थान १ | ५५०००|०० | ३,०००|०० | २०,३०,५३०|९७ |
| | बोलपत्र कागजातमा संलग्न स्पेसिफिकेशन अनुसारका मोटरसाईकल(**ख**) आपुर्ति कार्य थान ५ | | | |
| | बोलपत्र कागजातमा संलग्न स्पेसिफिकेशन अनुसारका स्कुटर आपुर्ति कार्य थान ५ | | | |